सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३६
आश्विन, २०७९

# प्रदेश १ को कानुनमा सिभिक स्पेसको अवस्था

राजु अधिकारी

## पृष्ठभुमी

तत्कालीन मेची, कोशी र सगरमाथा अञ्चलका १४ जिल्ला समेटेर स्थापना भएको प्रदेश १ मा ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, सोलुखुम्बु, संखुवासभा, ओखलढुंगा, खोटाङ, भोजपुर, धनकुटा, उदयपुर, सुनसरी र मोरङ जिल्ला पर्छन् । १ सय ३७ वटा स्थानीय तह रहेको प्रदेशमा १ हजार १ सय ५७ वटा वडा छन् । प्रदेश १ मा महानगर १, उपमहानगर २, नगरपालिका ४६ र गाउँपालिका ८८ वटा छन् । २८ वटा प्रतिनिधिसभा क्षेत्र रहेको प्रदेशमा प्रदेशसभा निर्वाचन क्षेत्र ५६ वटा छन् ।

२०१२ सालमा विराटनगरबाट प्रकाशित हुरी साप्ताहिक समाचारमुलक सामग्री समेटिएको यो प्रदेशको पहिलो अखबार हो । २०१४ साल मंसिर १ देखि विराटनगरबाटै प्रकाशन आरम्भ भएको फिलिङ्गो दैनिक चाहिं पूर्वकै पहिलो दैनिक पत्रिका हो । प्रदेश १ मा हाल दैनिक, साप्ताहिक तथा पाक्षिक गरी ५२९ अखबार दर्ता छन् जसमा ९९ दैनिक, ४ अर्ध साप्ताहिक, ३३७ साप्ताहिक, २७ मासिक, ५ द्वैमासिक, ९ त्रैमासिक र अन्य ३ वटा छन् । यसरी दर्ता भएकामध्ये ११२ वटा पत्रिका प्रकाशित छन् भने त्यसमध्ये पनि ७२ वटा मात्रै नियमित छन् । प्रदेश १ मा अनलाइन न्यूज पोर्टल २१६, रेडियो १४९ र टेलिभिजन ६ वटा रहेका छन् ।[1]

प्रदेशमा रहेका १४ वटै जिल्लामा नेपाल पत्रकार महासंघका शाखा छन् । त्यसबाहेक नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस संगठन नेपाल, आदिवासी जनजाती पत्रकार महासंघ, आर्थिक पत्रकार समाज, मधेशी पत्रकार संघ, मधेशी पत्रकार मन्च, राष्ट्रिय दलित पत्रकार संघ, नेपाल वातावरण पत्रकार समूह, स्वतन्त्र पत्रकार संघ, सामुदायिक रेडियो प्रशारण संघ, ब्रोडकाष्टिङ्ग एशोसियसन अफ नेपाल, संसदीय मामिला पत्रकार समाज, संचारिका समूह नेपाल, प्रकाशन तथा प्रसारण समाज, सम्पादक समाज, साप्ताहिक मिडिया सञ्जाल लगायतका संस्थाहरू पनि सक्रिय छन् ।

१ पाठक, तिलक, भुवन केसी र उज्जवल आचार्य (सं) । २०७८ । प्रदेशमा मिडिया । काठमाडौं : सेन्टर फर मिडिया रिसर्च नेपाल ।

# मिडिया कानुनको अवस्था

प्रदेश नम्बर १ मा प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी ऐन २०७५, ऐन कार्यान्वयनका लागि प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी नियमावली, २०७६ र प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली २०७७ पारित गरी कार्यान्वयनमा आएका छन् । प्रदेश नं. १ सरकारले प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८ ल्याएको थियो । विधेयकमा कानुनी प्रक्रिया पूरा नगरेमा एफएम प्रसारणमा रोक लगाउन सकिने प्रावधान राखिएको छ भने विधेयकको दफा ३६ मा एफएम रेडियोलेइजाजतपत्र लिएको १ वर्षसम्म प्रसारण प्रारम्भ नगरेमा, कुनै मनासिब कारण बेगर १ वर्षभन्दा बढी समयसम्म प्रसारण बन्द गरेमा र २ वर्षसम्म नवीकरण नगरेमा अनुमतिपत्र रद्द हुन सक्ने व्यवस्था पनि छ । तर, प्रदेशसभाको कार्यकाल सकिएसँगै यो विधेयक निष्क्रिय भएको छ ।

प्रदेश रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी ऐनको दफा ७ मा इजाजतपत्र दिन सकिने व्यवस्था छ । दफा ७ को उपदफा (२) ले कुनै कारणले इजाजत दिन नसकिने भई त्यसको आधार र कारण खुलाई सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्ने व्यवस्था छ भने उपदफा (३) मा चित्त नबुझ्ने पक्षले सम्बन्धित मन्त्रालयसमक्ष निवेदन दिन सक्ने व्यवस्था गरेको छ । त्यस्तो निवेदनमाथि ३० दिनभित्र मन्त्रालयले सुनुवाई गरी निर्णय दिनुपर्ने व्यवस्था उपदफा (४) ले गरेको छ । तर, मन्त्रालयले अनुमति दिने वा नदिने भनी गर्ने निर्णय नै अन्तिम हुने व्यवस्था उपदफा (५) मा गरिएको छ । यसले कुनै निवेदकलाई सञ्चार माध्यम सञ्चालन गर्ने अनुमति दिने वा नदिने भनि निर्णय दिने स्वेच्छाचारी अधिकार मन्त्रालयलाई प्रदान गरेको देखिन्छ । जसविरूद्ध अदालतमा पुनरावेदन गर्न पाउने अधिकारबाट समेत निवेदकलाई रोक्ने प्रयत्न भएको देखिन्छ ।

सोही ऐनको नियमावली २०७६ को नियम ६ को उपनियम २ मा इजाजतपत्र खारेज हुन सक्ने विषय समावेश छ । उपनियम २ मा तोकिएको अवधिभित्र प्रसारणसम्बन्धी काम प्रारम्भ नगर्ने वा म्याद थपका लागि निवेदन पेश नगर्ने वा थपिएको समयभित्र प्रसारणसम्बन्धी काम प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्ध हुनेछ । नेपालको संविधानमा कुनै पनि सञ्चार संस्था बन्द वा दर्ता खारेज गरिने छैन भन्ने प्रावधान रहेकाले ऐनमा रहेको यो व्यवस्था संविधानको व्यवस्था प्रतिकुल छ ।

ऐनको दफा ८ मा प्रसारण गर्नुपूर्व कागजात पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । ऐनको दफा ८ मा 'इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्रमा प्रसारणसम्बन्धी कामको प्रारम्भ गर्नुपर्ने र त्यस्तो कार्य प्रारम्भ हुनुअघि प्रसारण गर्ने दिन, प्रसारण हुने दैनिक समय तालिका र प्रसारणको विवरणसमेत तोकिएको अधिकारीसमक्ष पेश गर्नुपर्नेछ' भनी उल्लेख गरिएको छ । सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरी विधान र विस्तृत अध्ययन प्रतिवेदन पेश गरेर प्रसारण अनुमति पाइसकेपछि पनि प्रसारण गर्नुपूर्व कागजात बुझाउनुपर्ने व्यवस्थाले मिडियालाई नियन्त्रित गर्न खोजेको देखिन्छ । नेपाल पत्रकार महासंघ प्रदेश १ का महासचिव विवेक गौतम सरकारको यो प्रावधानलाई 'दु:ख दिने नियत मात्रै' भएको बताउँछन् ।

ऐनको दफा ९ को उपदफा (१) ले मिडियामा विदेशी लगानीलाई छुट दिन सकिने गरी खुकुलो व्यवस्था गरेको छ । सञ्चार क्षेत्रमा विदेशी लगानी गर्न दिन नहुनेमा सरोकारवालाहरूको अभियान प्रतिकुल हुने गरी ऐनको दफा ९ उपदफा (१) मा भनिएको छ, 'कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी वा विदेशी व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजनबाहेकको टेलिभिजनसम्बन्धी प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरि तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दुस्तुर बुझाई निवेदन दिनुपर्नेछ ।'

ऐनको दफा ११ ले प्रसारणमा सचेत गराउन सकिने व्यवस्था गरी नियन्त्रणको प्रयत्न गरेको देखिन्छ । दफा ११ को उपदफा (१) मा भनिएको छ 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाईबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु:सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक विभेदलाई दुरूत्साहन गर्ने कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रशारण संस्थालाई प्रदेश सरकारले पहिलो पटक सचेत गराउन सक्नेछ ।'

उल्लेखित कार्य गरेमा मिडियालाई सचेत गराउने अधिकार सरकारलाई नभई प्रेस काउन्सिललाई हुने संघीय कानुनको व्यवस्था विपरित ऐनमा प्रदेश सरकारले नै सचेत गराउने व्यवस्था गरेको छ । यो व्यवस्थाले सरकारलाई निरंकुश बनाउने र मिडियाप्रति अनुदार बनाउने सम्भावना बढाएको छ । सम्बन्धित क्षेत्रको सरोकारलाई ध्यान दिएर प्रदेश मिडिया काउन्सिल गठनसम्बन्धी कानुन नबनाउने र काउन्सिलको अधिकार क्षेत्रभित्र पर्ने काम पनि सरकार स्वयंले गर्नेगरि कानुन बनाइनुले नागरिक अधिकारमाथि अंकुश लगाउने प्रयत्न भएको छ ।

## महासंघको ध्यानाकर्षण

नेपाल पत्रकार महासंघ १ नं. प्रदेश समितिले प्रदेश रेडियो एफएम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेशसभा सचिवालयमा दर्ता भएपछि त्यसमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रावधानहरूप्रति आपत्ति जनाएको थियो । महासंघले आन्तरिक मामिला तथा कानुन मन्त्रीलाई सम्बोधन गरेर खासगरी विधेयकको दफा ११ र १२ मा भएको व्यवस्थाले संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको मर्म र भावना विपरित प्रसारणमा रोक लगाउने र इजाजत रद्द गर्नेसम्मको प्रावधान हटाउन माग गरेको थियो ।[२]

विधेयकको दफा ११ मा प्रशारणमा रोक लगाउन सकिने भन्ने अमुर्त विषय उल्लेख गरिएको र दफा १२ मा रहेको प्रसारण संस्थाको इजाजत रद्द गर्न सकिने भन्ने विषय संविधानसँग बाझिएकोले स्वतः खारेज हुनेमा सचेत गराएको थियो । यसैगरी संविधानको धारा १९ (१) मा विद्युतीय प्रकाशन प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाउने उल्लेख छ । संविधानको सोही धाराको उपधारा २ मा सञ्चार माध्यमको नियमन गर्ने कानुन निर्माण गर्न सकिने भएपनि कुनै सामग्री प्रकाशन वा प्रसारण गरेवापत त्यो सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने स्पष्ट व्यवस्था भएकोमा सरकारले विधेयकमा प्रसारणमा रोक लगाउन सकिने र प्रसारण संस्थाको इजाजत रद्द गर्न सकिने भन्ने प्रावधान समावेश गर्नु अनुचित भएकोले त्यसलाई संशोधन गर्न महासंघले माग गरेको थियो ।

## मिडिया कानुनमा दण्ड सजायको अवस्था

दफा १७ को उपदफा २ मा प्रदेश सरकारले सचेत गराउँदासमेत सो दफा, नियम विपरित कार्य गरे/गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले १० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था गरिएको छ । यस्तो जरिवानाका सम्बन्धमा भने प्रसारक संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई आफ्नो सफाइ पेश गर्न मुनासिव माफिकको मौका दिने ऐनमा उल्लेख छ ।

दफा १७ को उपदफा (१) मा प्रसारण संस्था बन्द गर्नसक्ने व्यवस्था गरी स्वतन्त्र प्रेसको भावना विपरित कानुन निर्माण गरिएको छ । ऐनबमोजिम स्वीकृति नलिई कुनै कार्यक्रम प्रशारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजतपत्र तथा अनुमतिपत्र दस्तुर, अन्य दस्तुर र लाग्ने शुल्क असुल गरी सो दस्तुर र शुल्क बराबरको जरिवाना हुने व्यवस्था पनि गरिएको छ । यो प्रावधानले इजाजतप्राप्त संस्थाले तयार पार्ने कार्यक्रमको समेत इजाजत लिनुपर्ने अन्यथा जरिवाना हुनसक्ने व्यवस्था भएको पाइन्छ । सञ्चार माध्यममा प्रकाशित कुनै पनि सामग्री प्रकाशन वा प्रसारण कानुन विपरित रहेको जानकारी प्राप्त गरेमा त्यस्तो सामग्रीको प्रकाशन वा प्रसारण रोक लगाउन सकिने प्रावधान स्वतन्त्र प्रेसलाई नियन्त्रण गर्ने हिसावले ल्याइएको छ ।

ऐनको दफा १३ मा विभिन्न दश उपदफामा प्रशारण संस्थाले कार्यक्रम उत्पादन र तथा प्रशारण गर्दा प्राथमिकताका दिनुपर्ने विभिन्न क्षेत्रहरू तोकिदिएको छ । यसरी ऐनमा नै प्राथमिकता तोक्ने विषय लोकतान्त्रिक पद्धतीमा सुहाउने विषय होइन ।

२ नेपाल पत्रकार महासंघ, प्रदेश नं १ कमिटी । २०७५ । नेपाल पत्रकार महासंघ, प्रदेश नं १ कमिटीले जारी गरेको विज्ञप्ती ।

# प्रादेशिक सञ्चार प्रतिष्ठान गठन र सञ्चालन

प्रदेश १ सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आन्तरिक मामिला तथा कानुन मन्त्री अध्यक्ष रहने गरी प्रादेशिक सञ्चार प्रतिष्ठान गठन गरेको छ । प्रदेश स्वायत्त संस्था गठन ऐन, २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी सरकारले आर्थिक वर्ष २०७७/०७८ मा मन्त्रालयले नियमावली बनाएर प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था बमोजिम प्रादेशिक सञ्चार प्रतिष्ठान गठन गरेको हो ।

सञ्चारकर्मीको पेशागत दक्षता अभिवृद्धिसम्बन्धी कार्यक्रम गर्ने, आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक आदिका कार्यक्रममार्फत पत्रकारको सर्वाङ्गिण विकास गर्ने, पत्रकारिता पेशाको संरक्षण र प्रवर्द्धन गर्ने आदि उद्देश्य राखेर प्रतिष्ठान गठनसम्बन्धी नियमावली तयार गरिएको छ । आर्थिक वर्ष २०७५/७६ र आव २०७६/०७७ मा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सञ्चार क्षेत्रको विकास र व्यवस्थापन गर्नका लागि आवश्यक संरचना र कानुनी व्यवस्थाकाबारेमा सुझाव दिन दुई पटक सुझाव कार्यदल गठन गरेको थियो । सुझाव कार्यदलले प्रदेशमा स्वतन्त्र र स्वायत्त प्रकृतिको सञ्चार प्रतिष्ठान वा प्राधिकरण स्थापना गर्न सुझाव दिएको थियो । प्रतिवेदनले त्यस्तो कार्यदलको नेतृत्व सम्बन्धित क्षेत्रका विज्ञले गर्नुपर्ने सुझाव दिएको भएपनि  सरकारले गृह मन्त्रालयसमेतको जिम्मेवारीमा रहेका मन्त्री नै अध्यक्ष रहने गरी प्राधिकरण गठन गरी सञ्चालन गर्दै आएको छ ।

ऐनको दफा ३ मा प्रदेश संस्था गठनका आधारसम्बन्धी व्यवस्था गरी उपदफा (१)मा संस्थाको अध्यक्षमा प्रत्येक संस्थाका लागि स्वीकृत हुने नियमावली बमोजिम प्रदेश सरकारको मन्त्री वा प्रदेश सरकारको प्रमुख सचिव वा प्रदेश मन्त्रालयका सचिव वा अन्य अधिकृत हुनेछ भनी उल्लेख गरिएको छ । जुन व्यवस्था प्रदेश सरकारलाई सुझाव कार्यदलले दिएको प्रतिवेदनको भावना विपरित छ ।

नियमावलीको नियम ६ को उपनियम १ मा आन्तरिक मामिला तथा कानुन मन्त्री अध्यक्ष, मन्त्रालयका सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था गरेको छ । जसले प्रतिष्ठानलाई राजनीतिक व्यक्तिको नेतृत्व र सरकारी प्रशासनिक अधिकारीहरूको उल्लेखनीय उपस्थितिले उनीहरूकै छाँयामा सीमित गर्न खोजेको देखिन्छ । प्रादेशिक सञ्चार प्रतिष्ठान गठनको विषयलाई लिएर कतिपय सञ्चार क्षेत्रसँग सम्बन्धित संघ संगठनहरूबाट असन्तुष्टिसहित विरोध जनाएका थिए । समयक्रममा यो प्रतिष्ठान राजनीतिक दाउपेचको शिकार बन्यो । एमाले नेतृत्वको सरकारले स्थापना गरेको यो प्रतिष्ठान पाँच दलीय गठबन्धनको नेतृत्वमा सरकार बनेपछि त्यसको कोपभाजनमा परेको छ । अहिले प्रदेश १ सरकारले सञ्चार प्रतिष्ठान गठनको नियमावली खारेज गरेपछि यो प्रतिष्ठान खारेजीमा परेको छ ।

# सामाजिक विकास संस्था कानुनमा पनि समस्या

प्रदेश १ सरकारले सामाजिक संघ संस्थाहरूको लगानी र भूमिकालाई प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउँदै त्यस्ता संस्थाहरूको नियमन गर्न सामाजिक विकास संस्था ऐन, २०७५ ल्याएको हो । कानुन बमोजिम दर्ता भई सञ्चालन भएको सामाजिक संस्थाले समेत कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयबाट समेत स्वीकृति लिनुपर्ने अव्यवहारिक व्यवस्था ऐनले गरेको छ । ऐनको परिच्छेद २ अन्तर्गत दफा ५ (१) मा भनिएको छ, 'दफा ४ बमोजिम सुचीकृत हुने संस्थाले स्थानीय तहमा कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नुपरेमा प्रचलित कानुनका अतिरिक्त मन्त्रालयको समेत पूर्व स्वीकृति लिन परिषद्मार्फत प्रस्ताव पेश गर्नुपर्ने छ ।' यसको स्पष्टिकरणमा ६ महिनाभन्दा बढी समय सञ्चालन हुने कार्यक्रमलाई योजनाको रूपमा व्याख्या गर्दै त्यस्ता योजनाहरू सञ्चालन गर्नुपूर्व अनुमति लिनुपर्ने व्यवस्था गरेर सामाजिक संघ संस्थाहरूको काम कारवाहीलाई संकुचित गर्ने र निरूत्साहित गर्ने प्रयत्न गरेको पाइन्छ । ६ महिनाभन्दा कम अवधि सञ्चालन हुने कार्यक्रमका लागि मन्त्रालयबाट पूर्व स्वीकृति लिन नपर्ने भएपनि समन्वय गर्नुपर्ने व्यवस्था छ ।

ऐनको दफा ६(१) मा एकभन्दा बढी स्थानीय तहमा

कार्यक्रम सञ्चालन गर्ने संस्थाले प्रत्येक तीन महिनामा प्रगति प्रतिवेदन दिनुपर्ने भनेको छ । साथै उपदफा २ ले प्रतिवेदन अध्ययन गरी मन्त्रालयले त्यस्तो संस्थालाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरेको छ । ऐनले व्यवस्था गरेको यो प्रावधान व्यवहारिक छैन । अव्यवहारिक मात्र होइन नियन्त्रणको निहित उद्देश्य पनि रहेको देखिन्छ । ऐनको दफा १७ मा संस्थाको लेखापरीक्षण र हिसाब किताबसम्बन्धी व्यवस्था गरिएको छ । दफा १७ (१) मा संस्थाको लेखापरिक्षण परिषद्ले सूचिकृत गरेको लेखापरीक्षकबाट हुने भनी स्पष्ट उल्लेख भएकोमा उपदफा (३) ले भने परिषद्ले चाहेमा जुनसुकै बखत हिसाबकिताब सम्बन्धी कागजात जाँच्न र जाँच्न लगाउन सक्ने छ भन्ने व्यवस्था गरी परिषद्लाई आवश्यकताभन्दा बढी अधिकार दिएको छ ।

ऐनको दफा २८ मा उल्लेखित प्रावधानहरू उल्लंघन गरेमा, वा मन्त्रालयको निर्देशन विपरीत कार्य गरेमा, स्वीकृति दिएको योजना विपरीत कार्य गरेमा वा स्वीकृति पाएको तीन महिनाभित्र कार्य प्रारम्भ नगरेमा संस्था वा संस्थाको पदाधिकारी वा कार्यकारी प्रमुखलाई नसिहत दिन सकिने व्यवस्था गरेको छ जुन अव्यवहारिक व्यवस्था हो । यस्तै दफा २९ मा संस्था खारेज गर्न सक्ने प्रावधान छ । राष्ट्रिय र प्रादेशिक अर्थतन्त्रमा गम्भीर नोक्सान गर्ने काम गरेमा वा लगातार तीन वर्षसम्म नवीकरण नगरेमा संस्था खारेज गर्न सकिने भनी गरेको व्यवस्था स्पष्ट नहुँदा कार्यान्वयन तहले तजविजी अधिकार प्रयोग गरी दुरूपयोग गर्न सक्ने जोखिम रहन्छ ।

# निष्कर्ष

प्रदेश १ सरकारले ल्याएको रेडियो, एफएम र टेलिभिजन प्रसारणसम्बन्धी ऐनको दफा ७ मा इजाजतपत्रको अनुमति दिने वा नदिने भनी अन्तिम निर्णय गर्न मन्त्रालयलाई दिइएको अधिकार, सोही ऐनको नियमावली २०७६ को नियम ६ को उपनियम २ मा 'प्रसारणसम्बन्धी काम प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्ब हुने' जस्ता व्यवस्था संविधानको मुल्य र भावनाविपरित छ । ऐनको दफा ८ मा प्रसारण गर्नुपूर्व कागजात पेश गर्नुपर्ने व्यवस्था झन्झटिलो किसिमको छ । ऐनको दफा ११ ले प्रसारणमा सचेत गराउन सकिने व्यवस्था गरी नियन्त्रणको प्रयत्न गरेको देखिन्छ । दफा १७ को उपदफा (१) मा प्रसारण संस्था बन्द गर्नसक्ने व्यवस्था गरी स्वतन्त्र प्रेसको भावना विपरित कानुन निर्माण गरिएको छ । ऐनको दफा १३ मा विभिन्न दश उपदफामा प्रशारण संस्थाले कार्यक्रम उत्पादन र तथा प्रशारण गर्दा प्राथमिकताका दिनुपर्ने विभिन्न क्षेत्रहरू तोकिदिएको छ । यसरी ऐनमा नै प्राथमिकता तोक्ने विषय लोकतान्त्रिक पद्धतीमा सुहाउने विषय होइन ।

सामाजिक विकास संस्था ऐन, २०७५ मा पनि योजनाहरू सञ्चालन गर्नुपूर्व अनुमति लिनुपर्ने व्यवस्था गरेर सामाजिक संघ संस्थाहरूको काम कारवाहीलाई संकुचित गर्ने र निरूत्साहित गर्ने प्रयत्न गरेको पाइन्छ । ऐनको दफा २८ मा उल्लेखित प्रावधानहरू उल्लंघन गरेमा, वा मन्त्रालयको निर्देशन विपरीत कार्य गरेमा, स्वीकृति दिएको योजना विपरीत कार्य गरेमा वा स्वीकृति पाएको तीन महिनाभित्र कार्य प्रारम्भ नगरेमा संस्था वा संस्थाको पदाधिकारी वा कार्यकारी प्रमुखलाई नसिहत दिन सकिने व्यवस्था गरेको छ जुन आफैमा अव्यवहारिक छ । यस्तै दफा २९ मा संस्था खारेज गर्न सक्ने प्रावधान छ । राष्ट्रिय र प्रादेशिक अर्थतन्त्रमा गम्भीर नोक्सान गर्ने काम गरेमा वा लगातार तीन वर्षसम्म नवीकरण नगरेमा संस्था खारेज गर्न सकिने भनी गरेको व्यवस्था स्पष्ट नहुँदा कार्यान्वयन तहले तजविजी अधिकार प्रयोग गरी दुरूपयोग गर्न सक्ने जोखिम रहन्छ । त्यसैले कानुनमा रहेका यस्ता अस्पष्ट प्रावधानप्रति पुनर्विचार गर्न आवश्यक छ । बरू, सरोकारवाला पक्षहरूको सुझाव लिदै आगामी दिनमा यस्ता प्रावधानहरूको संशोधन गर्नु नै उचित हुन्छ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**

पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल

रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।

इमेलः cmrnepal@butmedia.org

वेभः research.butmedia.org